# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) धनगढी, नेपाल, जेठ २६ गते, २०७९ साल (संख्या ३

## भाग २

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

## आर्थिक मामिला मन्त्रालय

### सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७९

सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद नियमावली,२०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

Scanned with CamScanner

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८ को नियम ३ मा संशोधनः** सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) उपनियम (१) को,-

खण्ड (क) मा रहेका "एक करोड रुपैयाँसम्मको" भन्ने शव्दहरुको सट्टा "पाँच करोड रुपैयाँसम्मका" भन्ने शब्दहरु राखिएका छन्।

खण्ड (ख) मा रहेका "पाँच करोड रुपैयाँसम्मको" भन्ने शव्दहरुको सट्टा "दश करोड रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) को,-

खण्ड (क) मा रहेका "दश लाख रुपैयाँसम्मको" भन्ने शव्दहरुको सट्टा "बीस लाख रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन्।

खण्ड (ख) मा रहेका "पच्चीस लाख रुपैयाँसम्मको" भन्ने शव्दहरुको सट्टा "पचास लाख रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल नियमावलीको नियम ४ मा संशोधनः** मूल नियमावलीको नियम ४ को उपनियम (१) को,-

खण्ड (क) मा रहेका "तीन करोड रुपैयाँसम्मको" भन्ने शव्दहरुको सट्टा "दश करोड रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन्।

खण्ड (ख) मा रहेका "सात करोड रुपैयाँसम्मको" भन्ने शव्दहरुको सट्टा "बीस करोड रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन्।



Scanned with CamScanner

४. **मूल नियमावलीको नियम ५ मा संशोधन:** मूल नियमावलीको नियम ५ को उपनियम (१) को,-

खण्ड (क) मा रहेका "दश लाख रुपैयाँसम्मको" भन्ने शव्दहरुको सट्टा "बीस लाख रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन् ।

खण्ड (ख) मा रहेका "पचास लाख रुपैयाँसम्मको" भन्ने शव्दहरुको सट्टा "एक करोड रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन् ।

मन्त्रिपरिषद्बाट स्वीकृत मिति:२०७९/०२/२२

आज्ञाले,
जितेन्द्र बस्नेत
प्रदेश सरकारका सचिव



Scanned with CamScanner